# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७७।०६।२५ गते।

# प्रेस विज्ञप्ति

**विषय: <u>आरोपपत्र दायर गरिएको।</u>**

राजश्व अनुसन्धान कार्यालय, बुटवलका प्रमुख अनुसन्धान अधिकृत विजय रानाले गुड्खा/चिनी व्यवसायी अनिल कुमार झाबाट मासिक रूपमा घुस/रिसवत लेनदेन गर्ने गरेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलबाट खटिगएको टोलीले निज प्रमुख अनुसन्धान अधिकृत विजय राना र व्यवसायी अनिल कुमार झालाई रू.२,००,०००/- (दुई लाख) घुस/रिसवतबापतको रकम लेनदेन गरिरहेको अवस्थामा उक्त रकमसहित नियन्त्रणमा लिएको थियो ।

राजश्व अनुसन्धान कार्यालय, बुटवलका प्रमुख राजस्व अनुसन्धान अधिकृत विजय रानाले श्री महालक्ष्मी सुगर्स प्रा.लि. कपिलवस्तु (हाल सर्लाही) मा कार्यरत रही हाल सोही कम्पनीको परिवारिक स्वामित्वको कम्पनी Wizard Fragrances Udyog Pvt. Ltd. कपिलवस्तुमा कार्यरत अनिल कुमार झाबाट VCTS (Vehicle & Consignment Tracking System), राजस्व लगायतका विभिन्न कामकाजमा सहजीकरण गरिदिएवापत रू.२,००,०००/- घुस/रिसवत लिई निजले चलाईराखेको बा.२ झ. १७६७ नम्बरको सरकारी प्लेटको टोयटा हाईलक्स गाडीमा लुकाई राखेको अवस्तामा बरामद हुन आएकोले उक्त रकम घुस/रिसवतवापत लिएको पुष्टि हुन आई आरोपीमध्येका विजय रानाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ उपदफा (१) को कसुर गरेको स-प्रमाण पुष्टि भएकोले निजलाई बिगो रू.२,००,०००/- (दुई लाख) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ उपदफा (१) र दफा ३ उपदफा (१) को देहाय (घ) बमोजिम जरिवाना र कैद सजाय हुन र उक्त बरामदित रकमसमेत सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जफत हुनसमेत मागदाबी लिइएको छ ।

साथै श्री महालक्ष्मी सुगर्स प्रा.लि. कपिलवस्तु (हाल सर्लाही) मा कार्यरत रही हाल सोही कम्पनीको परिवारिक स्वामित्वको कम्पनी Wizard Fragrances Udyog Pvt. Ltd. कपिलवस्तुमा कार्यरत अनिल कुमार झाले विजय रानालाई प्रभावमा पारी आफू कार्यरत कम्पनीको तर्फबाट राजस्व अनुसन्धान कार्यालयबाट हुने गरेका कामकारवाहीमा प्रभाव पार्ने मनसायका साथ निजलाई प्रलोभनमा पार्नका लागि रू.२,००,०००/- घुस/रिसवतवापत दिएको पुष्टि हुन आई निज अनिल कुमार झाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ उपदफा (३) को कसुर गरेको स-प्रमाण पुष्टि भएकोले निजलाई बिगो रू.२,००,०००/- (दुई लाख) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ उपदफा (३) मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ उपदफा (१) र दफा ३ उपदफा (१) को देहाय (घ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता  
तारानाथ अधिकारी